नागरिक
आर्थिक

बुधबार, २७ फागुन २०८२, Wednesday, 11 March 2026

बजार

सुन तोला - ३१७,८००
चाँदी तोला - ५७२०

विदेशी मुद्रा	खरिद	बिक्री
अमेरिकी डलर -	१४६.६०	१४७.२०
युरो -	१७०.७०	१७१.४०
पाउन्ड स्टर्लिङ -	१९७.१७	१९७.९८

सुनसरीको भोक्राहा नरसिंह गाउँपालिका-८ स्थित पोखरीमा घोंगी टिप्दै स्थानीय। *तस्बिर : नवीन गड्तौला/रासस*

चितवनमा धान रोप्न मेसिनको प्रयोग बढ्यो

वसन्त ढुंगाना
चितवन, फागुन २६

चितवनको भरतपुर महानगरपालिका ६ स्थित देवनगरका प्रकाश श्रेष्ठले सामाजिक सञ्जाल फेसबुकमा मेसिनबाट धान रोपेको देखेका थिए । प्रत्यक्ष अनुभव गर्न भने पाएका थिएनन् । यस पटक भने श्रेष्ठ आफ्नै खेतमा मेसिनबाट धान रोप्न व्यस्त छन् ।

करिब ६ बिघा क्षेत्रफलमा धान रोप्दै आएका श्रेष्ठले यस पटक धान रोप्नसमेत सहज भएको बताए । 'गाउँछिमेकमा रोपाहार मधेसबाट ल्याएर खेत रोप्नुपर्दथ्यो । राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वन एकाइ चितवनले नजिकैको उन्नत बिउ विजन केन्द्रमा मेसिन दिएपछि धान रोप्न सजिलो भएको छ', खुसी हुँदै उनले भने, 'यसपटक निःशुल्कसमेत धान रोप्न पाएको छु ।'

उनका अनुसार एक बिघा क्षेत्रफलमा धान रोपेको रोपाहारले १६ हजार रुपैयाँ लिन्थे । यसपटक निःशुल्क रोप्न पाएको उनले सुनाए । अन्य स्थानमा मेसिनबाट धान रोपेको पाँच हजार रुपैयाँ लिँदै आएका छन् । फेसबुकमा मेसिनबाट धान रोपेको देखेपछि उनले कृषि आधुनिकीकरण परियोजनामा आएर धान रोप्ने मेसिनबारे जानकारी लिएका थिए । त्यसबाट कार्यालयले उनलाई उन्नत बिउ विजन केन्द्रसँग जोडेको थियो ।

देवनगरकै नारायण न्यौपानेले प्रत्यक्ष रूपमा खेतमा यसरी धान रोप्ने मेसिन कुदेको पहिलो पटक देखेका हुन् । चाखपूर्वक धान रोपेको हेरिरहेका न्यौपानेले आगामी दिनमा मेसिनबाट धान रोप्ने तयारी गरेका छन् । 'मेसिनबाट धान कतिमा रोपिन्छ', मोबाइलमा धान रोपिरहेको भिडियो कैद गरिरहेका न्यौपानेले भने 'मेसिनले धान पनि छिटो रोप्दो रहेछ ।'

कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ चितवनले ५० प्रतिशत अनुदानमा देवनगरको उन्नत बिउ विजन केन्द्रलाई धान रोप्ने मेसिन उपलब्ध गराएपछि त्यहाँका किसान यस प्रविधितर्फ आकर्षित भएका हुन् ।

चितवनमा रोपाइँ गर्दा कृषि उपकरणको प्रयोग बढेको छ । जिल्लामा प्रत्येक वर्ष मेसिनबाट धान रोप्ने किसान बढ्दै गएको कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ चितवनको तथ्यांकमा उल्लेख छ । जिल्लामा यसपटक मात्रै करिब सय बिघा बढी क्षेत्रफलमा मेसिनबाट चैते धान रोपिँदैछ । 'चितवनका किसानले अघिल्लो आर्थिक वर्ष तीन सय हेक्टर क्षेत्रफलमा चैते धान रोपेका थिए । यसवर्ष ९८ हेक्टर क्षेत्रफल थपिएको छ', कार्यालयका कृषि अधिकृत काशिराम पाण्डेले भने । उनका अनुसार उत्पादन लागत कम पर्ने हुँदा यसतर्फ किसानको आकर्षण बढेको हो ।

'मेसिनबाट धान रोप्दा बिउ नै कम लाग्छ । ज्याला २५ प्रतिशत मात्र लाग्छ । मेसिनले धान मिलाएर रोप्ने हुँदा उत्पादनमा समेत वृद्धि हुन्छ', मेसिनबाट धान रोप्दाको फाइदा बताउँदै भने, 'लागत मूल्य नै कम पर्ने भएपछि किसानहरू मेसिन प्रयोग गर्न आकर्षित भएका छन् ।' उनका अनुसार एक कट्ठा क्षेत्रफलमा दुई किलो धान लाग्ने ठाउँमा मेसिनबाट रोप्दा ८०० ग्राम धानको बिउले पुग्छ ।

चितवनमा २०७८/२०७९ सालबाट चारपाङ्ग्रे मेसिनबाट धान रोप्न थालिएको हो । पहिलो वर्ष कार्यालयको सहयोगमा चितवनका किसानले २ बिघा क्षेत्रफलमा मेसिनबाट धान रोपेका थिए । त्यतिखेर किसानलाई बुझाउनसमेत समस्या भएको राष्ट्रिय कृषि आधुनिकीकरण परियोजनाका योजना अधिकृत तथा तत्कालीन चितवनका कृषि अधिकृत माधव पौडेलले बताए ।

'यो प्रविधि भारतमा पनि राम्रोसँग विस्तार भएको छैन । जापान र चीनमा विस्तार भएको प्रविधि भएका दृष्टिले नेपाल र भारतमै नयाँ छ', चितवनमा यो प्रविधि भित्र्याउँदाका दिन सम्झँदै पौडेल भन्छन्, 'किसानलाई बुझाउन दैनिक बिहान ६ बजेदेखि राति ११ बजेसम्म पनि ४० देखि ५० किसानलाई भेट्थ्यौं । पहिलो वर्ष निःशुल्क गरिदिने भएपछि एक दुई जना किसानले रोप्न मान्नुभयो ।' कार्यालयले धानको नर्सरी स्थापना गरेर नै मेसिनतर्फ किसानलाई आकर्षित गरिरहेको छ । माटो चाल्नेदेखि पानी हाल्नेसम्मको काम यहाँका प्राविधिक गएर गर्ने गर्थे ।

मेसिनबाट काम गर्न सहज र उत्पादन पनि बढी हुन थालेपछि आर्थिक वर्ष २०७९/२०८० मा २० बिघा क्षेत्रफलमा चैते धान रोपिएको थियो । चालु आर्थिक वर्ष २०८०/८१ मा आइपुग्दा दुई सय ५० बिघा क्षेत्रफलमा चैते धान रोपिएको कार्यालयको तथ्यांकमा छ । यस्तै आर्थिक वर्ष २०८१/८२ मा तीन सय बिघा क्षेत्रफलमा चैते धान रोपिएको जानकारी कार्यालय प्रमुख महेश रेग्मीले दिए ।

'असारमा पानी बढी भएर मेलो मिलाउन कठिन हुने भएकाले धेरै किसानले मेसिन प्रयोग गर्दैनन् । असारमा सय बिघा क्षेत्रफलमा मेसिनबाट धान रोपाइँ हुन्छ', रेग्मीले भने चैते धान मेसिनले रोप्ने किसान बढिरहेका छन् । चैते धानलाई प्राथमिकतामा राखेर काम गरिहेका उनले बताए । जिल्लामा धान रोप्ने मेसिनको माग बढ्दै गएपछि कार्यालयले किसानलाई मेसिन खरिद गर्न सहयोग गरिरहेको छ । यस वर्ष मात्रै ६ वटा मेसिन खरिद गर्न किसानलाई ५० प्रतिशत अनुदान दिएको जानकारी कार्यालय प्रमुख रेग्मीले दिए ।

चितवनमा धान रोप्ने मेसिनको प्रयोग केही वर्षदेखि सुरु भएको हो तर यसको प्रयोग बढ्न सकेको थिएन । खेतमा फाट्टफुट्ट यस्ता मेसिन देखिन्थे । तीमध्ये पनि प्रायजसो तीन पांग्रे मेसिन छन् । पाँचवर्षदेखि अलि फरक खालका धान रोप्ने चार पांग्रे मेसिन किसानको खेतमा कुद्न थालेका हुन् । रेग्मीका अनुसार हाल जिल्लामा चार पांग्रे मेसिन १३ वटा पुगेका छन् । यसपटक मेसिनबाट धान रोप्ने किसानको क्षेत्र विस्तार समेत भएको छ । 'कठार, कुमरोज, बछौली, पिप्ले पटिहानी, माडिका किसानले मेसिन प्रयोग गरिरहेका छन्', उनले भने, 'चितवनमा चैते धानमा मेसिनको प्रयोग बढ्दो छ ।'

कृषिमा आधुनिकीकरण गराउँदा किसानको लागत मूल्य घट्नुका साथै उत्पादन बढ्ने हुँदा किसानले यसतर्फ विशेष चासो देखाउने क्रम बढ्दै गएको उनको भनाइ छ ।

'मान्छेले एक बिघा क्षेत्रफलमा धान रोप्दा १६ हजार रूपैयाँ खर्च लाग्छ तर मेसिनले रोप्दा पाँच हजार रूपैयाँले पुग्छ', उनले भने, मेसिनबाट धान रोप्दा प्रति बिघा १४ किलो बिउ, भए पुग्छ भने मान्छेले रोप्दा ५० किलो बिउ राखेर ब्याड बनाउनुपर्छ ।' मेसिनबाट रोपेको धानको उत्पादन ३० प्रतिशतले बढ्ने पनि उनले बताए ।

चितवनको धान जोन क्षेत्रमा उत्पादकत्व ४.६७ प्रतिशत रहेको छ । मेसिनबाट धान रोप्नका लागि ट्रेमा बिउ राख्नुपर्दछ तर अहिले चितवनका किसानले प्लाष्टिकको म्याट बनाएर पनि बिउ राख्दै आएका छन् । चितवनमा चैते धान पाँच हजार ५० हेक्टरमा लगाउने गरिन्छ ।

अर्थमन्त्री खनालले रातो पासपोर्ट फिर्ता गरे

काठमाडौं, फागुन २६ (नागरिक)- अर्थमन्त्री रामेश्वर खनालले आफ्नो नाममा रहेको कूटनीतिक (रातो) पासपोर्ट फिर्ता गरेका छन् । मन्त्री खनालले मन्त्रालयअन्तर्गत प्रशासन महाशाखालाई पत्रसहित रातो पासपोर्ट बुझाएको जानकारी सामाजिक सञ्जालमार्फत गराएका छन् ।

खनालले कूटनीतिक पासपोर्ट प्रयोगसम्बन्धी नियमअनुसार आफ्नो पासपोर्ट सम्बन्धित सरकारी निकायलाई बुझाएका हुन् । नेपालमा कूटनीतिक पासपोर्ट उच्च तहका पदाधिकारी तथा विशिष्ट सरकारी जिम्मेवारीमा रहेका व्यक्तिलाई उपलब्ध गराइन्छ । पदावधि समाप्त भएपछि वा आवश्यक प्रक्रिया अनुसार त्यस्ता पासपोर्ट फिर्ता गर्नुपर्ने व्यवस्था छ ।

अर्थमन्त्री खनालले नियम र प्रचलित कानुनी व्यवस्थाको पालना गर्दै पासपोर्ट बुझाएको बताए । नेपालमा कूटनीतिक पासपोर्टको प्रयोग र व्यवस्थापन गृह मन्त्रालय तथा राहदानी विभागको समन्वयमा हुने गर्दछ । यस्तो पासपोर्ट विदेश भ्रमण तथा कूटनीतिक प्रयोजनका लागि प्रदान गरिन्छ ।

सवारी साधन आयातबारे बोलेको छैन : स्वर्णिम वाग्ले

काठमाडौं, फागुन २६ (नागरिक)- राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का उपसभापति स्वर्णिम वाग्लेले सवारी साधन आयातमा ३०० प्रतिशत कर लाग्दैन भन्ने विषय आफूले नबोलेको दाबी गरेका छन् । आफूले नभनेको विषयलाई सामाजिक सञ्जालमा ट्रोल बनाएर प्रचार गरिएको उनको भनाइ छ ।

नागरिक दैनिकसँग कुराकानी गर्दै वाग्लेले सवारी साधनमा ३०० प्रतिशत कर लाग्दैन भनेर आफूले सार्वजनिक रूपमा अभिव्यक्ति नदिएको स्पष्ट पारे । 'मैले कहीं कतै सवारी साधनमा ३०० प्रतिशत कर लाग्दैन भनेर बोलेको छैन । मेरो नाम जोडेर गलत व्याख्या गरियो', उनले भने ।

पछिल्लो समय सामाजिक सञ्जालमा वाग्लेले सवारी साधनमा ३०० प्रतिशत कर लाग्दैन भनेर टिप्पणी गरेको भन्दै आलोचना भइरहेको थियो । उक्त विषयलाई लिएर विभिन्न पोस्ट र टिप्पणीहरू भाइरल भएका थिए । उनले आर्थिक नीतिसम्बन्धी विषयमा आफूले तथ्य र अध्ययनका आधारमा मात्रै धारणा राख्ने गरेको पनि बताए । 'अर्थतन्त्रजस्तो संवेदनशील विषयमा मैले तथ्यहीन कुरा बोल्ने प्रश्न नै उठ्दैन', उनले भने । वाग्लेले सामाजिक सञ्जालमा कसैले पनि अपूर्ण वा गलत सन्दर्भ प्रयोग गरेर व्यक्तिको भनाइलाई तोडमोड नगर्न आग्रह गरेका छन् । गलत सूचनाले जनतामा भ्रम सिर्जना गर्ने भएकाले जिम्मेवार ढंगले सूचना प्रसार गर्नुपर्ने उनको भनाइ छ ।

वर्गीकृत विज्ञापन/डिस्प्ले

घरजग्गा

कीर्तिपुर-६, थापागाउँ मेनरोडबाट १ कित्ता भित्र ०-४-१-० जग्गा सुपथ मूल्यमा बिक्रीमा: ९७६७२४२३५४

ज्ञानेश्वर मेनरोडमा २ आना १ दाम जग्गा सुपथ मुल्यमा: ९७६७२४२३५४

Ktm हाँडीगाउँ नेपालबैंक नजिकै विशालनगरमा ०-६-०-० जग्गा बिक्रीमा: 9841420589

मोटरसाईकल हरायो

मेरो निम्न व्यहोरा भएको बजाज कम्पनीको २२० सि.सि. पल्सर मोटरसाईकल मिति २०८२।११।१६ गते टोखा न.पा. वडा नं. ३ नयाँ उज्यालो टोल, प्रज्ञान एकेडेमी नजिकबाट हराएको हुनाले पाउनुहुने महानुभावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा खबर गरि दिनुहुन अनुरोध गर्दछु ।
नामः हुलास फिन सर्भ हायर पर्चेज लि.
ऋणीः सुजन लामिछाने
ठेगानाः निलकण्ठ न.पा. १०, धादिङ
मोटरसाईकल नं. बा.प्र. ०२-०६५प ३४९३
रङः कालो/रातो
इन्जिन नं.: DKXCTK 20457
च्यासिस नं.: MD2A13EX7TCK 81588
फोन नं.: ९८६०१३५९३८

वीरेन्द्रनगर नगर कार्यपालिकाको कार्यालय
वीरेन्द्रनगर, सुर्खेत (कर्णाली प्रदेश)

सहकारी संस्थाको एकिकरण प्रस्तावनामा सरोकारवालाहरुको गुनासो वा उजुरीको निवेदन आह्वान गरिएको सम्बन्धी १५ दिने सार्वजनिक सूचना

(प्रथम पटक प्रकाशित मिति २०८२।११।२७)
यस कार्यालयको नियमन क्षेत्रधिकारमा पर्ने देहायका सहकारी संस्थाहरुको तर्फबाट एकिकरणका लागि पेश भएको निवेदनका सम्बन्धमा नगरपालिकाको सहकारी ऐन, २०७४ का व्यवस्था, सर्वमान्य सहकारी सिद्धान्त, मूल्यमान्यता वा आम सदस्यहरुको हित संरक्षणका दृष्टिकोणबाट प्राप्त दरखास्त बमोजिम एकीकरण स्वीकृती गर्नु नपर्नाको कुनै कारण भए वा तत्सम्बन्धमा सम्बन्धित सहकारी संस्थाका सदस्य वा सरोकारवाला कसैको कुनै सरोकार गुनासो वा उजुरी भए यो सूचना प्रकाशित भएको (१५) पन्ध्र दिन भित्र यस कार्यालय समक्ष आईपुग्ने गरी निवेदन दिन हुन मिति २०८२/११/२६ गतेको यस कार्यालयको निर्णयानुसार यो सूचना प्रकाशित गरिएको छ । म्याद गुजारी प्राप्त भएको निवेदन उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

तपसिल
१. श्री संगत बहुउद्देश्यीय सहकारी संस्था लि.वी.न.पा.६ सुर्खेत
२. श्री कृषि तथा सामुदायिक उपभोक्ता सहकारी संस्था लि वी.न.पा.२ सुर्खेत

MRP Declaration for BYD Electric Vehicles

S.N.	Particular	Battry Capacity	Motor Capacity	Seat Capicity	MRP
1.	BYD SEALION 7	71.8 kwh	100 kw	5	Rs. 78,00,000/-
2.	BYD Seal (Dynamic)	61.44 kwh	150 kw	5	Rs. 1,10,00,000/-
3.	BYD ATTO 1 (Dynamic	30.08 kwh	45 kw	5	Rs. 28,95,000/-

Importer/ Distributor: **Cimex Inc. Pvt. Ltd. Exim Code No.:** 6042390310154NP
Location: BYD Park,Tangal, Kathmandu, Nepal
Contact Number: 01-4541393

MRP Declaration for BYD Electric Vehicles

S.N.	Particular	Battry Capacity	Motor Capacity	Seat Capicity	MRP
1.	BYD ATTO 1 (Premium)	38.88 kwh	45 kw	5	Rs. 32,99,000/-
2.	BYD ATTO 2	51.13 kwh	100 kw	5	Rs. 45,00,000/-
3.	BYD Dolphin	44.9 kwh	70 kw	5	Rs. 41,15,000/-

Importer/ Distributor: **Cimex Inc. Pvt. Ltd. Exim Code No.:** 6042390310154NP
Location: BYD Park,Tangal, Kathmandu, Nepal
Contact Number: 01-4541393

MRP Declaration for BYD Electric Vehicles

S. N.	Particular	Battry Capacity	Motor Capacity	Seat Capicity	MRP
1.	BYD M6	71.8 kwh	100 kw	6	Rs. 56,50,000/-
2.	BYD Shark 6	29.585 kwh	170kw/150KW	5	Rs. 1,55,00,000/-
3.	DENZA Electric Car D9	103.36 kwh	230 kw	7	Rs. 2,40,00,000/-

Importer/ Distributor: **Cimex Inc. Pvt. Ltd. Exim Code No.:** 6042390310154NP
Location: BYD Park,Tangal, Kathmandu, Nepal
Contact Number: 01-4541393

MRP Declaration for BYD Electric Vehicles

S.N.	Particular	Battry Capacity	Motor Capacity	Seat Capicity	MRP
1.	BYD ATTO 3 (Advance)	49.9 kwh	100 kw	5	Rs. 56,90,000/-
2.	BYD ATTO 3 (Supeior)	60.48 kwh	100 kw	5	Rs. 67,80,000/-
3.	BYD M6	71.8 kwh	100 kw	7	Rs. 58,90,000/-

Importer/ Distributor: **Cimex Inc. Pvt. Ltd. Exim Code No.:** 6042390310154NP
Location: BYD Park,Tangal, Kathmandu, Nepal
Contact Number: 01-4541393

चौतारा साँगाचोकगढी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चौतारा, सिन्धुपाल्चोक

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मिति २०८२/११/२७)

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकवाट मिति २०८२/१०/०८ गते मध्यान्न राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित बोलपत्र आव्हानको सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका बोलपत्रदाताको बोलपत्र मूल्यांकन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको बोलपत्रदताको बोलपत्र स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	ठेक्का नं.	निर्माण कार्यको प्रकृति	न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका बोलपत्रदाताको नाम र ठेगाना	कबोल अंक रू. (भ्याट, कन्टिजेन्सी र PS बाहेक)
१.	CSGM/NCB/ WORKS-11/082/083	Infrastructure Upgrading Work of Chhimitasi Chhiling Gumba Compound, CSGM-11	Sindhu Kalika Construction and Suppliers, Chautara Sangachokgadhi -05, Sindhupalchok	३२,९०,५६०.००

शिलबन्दी दरभाउपत्र (Sealed Quotation) स्वीकृत गर्ने आशयको सूचना

चौतारा सागाचोकगढ़ी नगरपालिका, चौतारा, सिन्धुपाल्चोकबाट मिति २०८२/१०/२६ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित शिलबन्दी दरभाउपत्र (Sealed Quotation) आव्हानको सूचना अनुसार रितपूर्वक म्यादभित्र www.bolpatra.gov.np/egp मा दर्ता हुन आएका दरभाउपत्रदाताहरुको दरभाउपत्र (Sealed Quotation) मूल्यांकन गर्दा न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएको निम्न बमोजिमको दरभाउपत्रदाताको दरभाउपत्र (Sealed Quotation) स्वीकृत गरिने भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ उपदफा (२) तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

सि.नं.	शिलबन्दी दरभाउपत्र (Sealed Quotation)	निर्माण कार्यको प्रकृति	न्युनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही भएका दरभाउपत्रदाताको नाम र ठेगाना	कबोल अंक रू. (भ्याट, कन्टिजेन्सी र PS बाहेक)
१.	CSGM/SQ/WORKS-01/082/083(RE)	Batase Aadharbhut Soasthe Sewa Kendra Sudridhikaran, CSGM-2	Randip Nirman Sewa, Chautara Sangachokgadhi Municipality - 4, Sindhupalchok	१२,३१,८६१.००

प्रमुख प्रशासकीय अधिकृत

एमएडब्ल्यू अर्थमुभर्सको 'बाइ ब्याक ग्यारेन्टी' योजना

काठमाडौं, फागुन २६ (नागरिक)- एमएडब्ल्यू अर्थमुभर्सले 'बाइ ब्याक ग्यारेन्टी' योजना सार्वजनिक गरेको छ । ग्राहकको विश्वास अझ सुदृढ बनाउनुका साथै उपकरणमा गरिएको लगानीको दीर्घकालीन मूल्य सुनिश्चित गर्ने उद्देश्यका साथ यो योजना ल्याइएको कम्पनीले जनाएको छ ।

यस योजनाअन्तर्गत नयाँ जेसीबी ३ डिएक्स सुपर खरिद गर्ने ग्राहकले एमएडब्ल्यू जेसिबीका अधिकृत डिलरमार्फत मेसिन खरिद गरेको चार वर्ष वा आठ हजार अपरेटिङ घण्टा पूरा भएपछि ग्यारेन्टी गरिएको बाइ ब्याक मूल्य प्राप्त गर्न सक्नेछन् । तोकिएका सञ्चालन तथा नियमित मर्मतसम्भारका शर्तहरू पूरा भएको अवस्थामा, प्रयोग गरिसकेपछि पनि मेसिनलाई मूल खरिद मूल्यको ५० प्रतिशतसम्म 'बाइ ब्याक' लाभ प्राप्त हुनेछ । यसले ग्राहकलाई वित्तीय सुरक्षासहित भविष्यमा पुनःबिक्री मूल्यबारे स्पष्टता प्रदान गर्ने अपेक्षा गरिएको छ ।

CamScanner